सरूमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान
५ नं प्रदेश,नेपाल
२०७३

प.स : ०७७।०७८
च.नं:

मितिः२०७७/०६/०८

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु,
सरुमारानी गा.पा.प्यूठान ।

विषयः विभिन्न सूचना सम्बन्धमा ।

उपर्युक्त विषयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रको www.doe.gov.np मा राखिएको मिति २०७७/०६/०६ को च.न. ९० र ९१ को सूचना तथा शिक्षा तथा सामाजिक विकास निर्देशनालयको सूचना, शिक्षा विकास तथा समन्वय इकाई प्यूठानको मिति ०७७/०६/०६ को पत्रनुसार तपसिल अनुसारका कार्यहरु गर्नुहुन अनुरोध छः

तपसिलः

१) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च.न. ९० को विद्यार्थी सिकाइ सहजिकरण सम्बन्धी शैक्षिक कार्यक्रमहरुको सर्वेक्षण फारम भर्नु हुन ।

२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. ९१ को flash I र flash II school level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन गर्नु हुन ।

३) शिक्षा विकास तथा समन्वय इकाईको मिति २०७७/०६/०६ च.न. १५० को सूचनानुसार यसै साथ संलग्न ढाँचा अनुसार विवरण पठाउनु हुनः
   I. २०७७ चैत्र मसान्तसम्म रिक्त हुने सम्पूर्ण तह र श्रेणीका दरबन्दी विवरण
   II. २०७७ चैत्र मसान्तसम्म रिक्त हुने तथा शुद्ध अस्थायी दरबन्दी विवरण
   III. सबै तह र विषयका राहत शिक्षक दरबन्दी विवरण

४) शिक्षा तथा सामाजिक विकास निर्देशनालयको मिति २०७७/०६/०६ को www.eddmosp5.gov.np मा राखिएको सूचनानुसार पुस्तकालयलाई सहयोग अनुदानका लागि प्रस्तावना पेस गर्नु हुन ।

५) Covid 19 को संक्रमणका कारण पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा १ देखि १० सम्मको पाठ्यबस्तु समायोजन गरी www.moecdc.gov.np मा upload गरिएको हुँदा सो website बाट download गरी सोही अनुसार शिक्षण सिकाइ सहजीकरण गर्न गराउनु हुन ।

६) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७/०६/०६ गते विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना निर्माण गरी शिक्षा मन्त्रालयको website www.moe.gov.np मा upload गरिएकोले सो कार्ययोजना अनुसार विद्यालयलाई तोकिएको कार्य गर्नु गराउनु हुन ।

७) शिक्षक कर्मचारीहरुको पहिलो त्रैमासिक (साउन,भाद्र,असोज महिनाको) तलब भत्ता तथा १महिना बराबरको चाडपर्व खर्च सहितको निकासाका लागि माग फारम,असोज १५ गतेसम्मको हाजिरी प्रतिलिपसहित आवश्यक पर्ने कागजात सहित असोज २० गते भित्र पेस गर्नु हुन ।

शिक्षा शाखा प्रमुख

नेपाल सरकार

शिक्षा, विज्ञान तथाप्रविधिमन्त्रालय

# शिक्षातथामानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचनाव्यवस्थापनशाखा

सानोठिमी, भक्तपुर

प.सं.: २०७७/०७८

च.नं.: ८९

मिति : २०७७/०६/०५

विषय : **Flash I&II School Census अन्तरगतको Electronic based को School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन सम्बन्धी अत्यन्त जरूरी सूचना ।**

**श्री सबै तह र प्रकारका विद्यालयहरू,**
**श्री स्थानीयतहहरु (सबै)**
**श्री शिक्षाविकास तथा समन्वयइकाई (सबै)**

प्रस्तुत विषयमा बिगत २०६१ सालदेखि सबैका लागि शिक्षा कार्यक्रम (EFA) को कार्यान्वयन सँगै मुलुक भरी सञ्चालित सबै प्रकार र तहका (सामुदायिक, संस्थागत र धार्मिक प्रकृतिका) विद्यालयहरूवाट प्रत्येक शैक्षिक सत्रको सुरू (जेष्ठ ७गते) र अन्त्य (चैत्र २३ गते) सम्मको आधारमा क्रमशः Flash I र Flash II School Census अन्तरगत विद्यालयतहको **"विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"** को माध्यमवाट विद्यालय शिक्षासँग सम्बन्धित सबै प्रकारका शैक्षिक सूचनाहरू सङ्कलन, व्यवस्थापन, विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधीकरण र प्रकाशनका कार्यहरू साथै सोही आधारमा विद्यालय र तीनै तहका सरकारका योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन र मूल्याङ्कन जस्ता महत्वपूर्ण कार्यहरू निरन्तर हुँदै आएको व्यहोरा विदितै छ ।

यस सन्दर्भमा COVID-19 को प्रकोप र जोखिमका कारण नेपाल सरकारको गत २०७६/१२/०६ को निर्णय अनुसार भौतिकरूपमा उपस्थितभई सञ्चालन गर्ने सबै प्रकारका शैक्षिक गतिविधिहरू अर्को व्यवस्था नभए सम्मकालागि बन्द गर्ने भनिएको र हालसम्म सम्पूर्ण शैक्षिक संस्थाहरू बन्दबन्दीको अवस्थामा रहेका छन् । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी **विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका-२०७७** मा आश्विन १ गते देखि विद्यार्थी भर्ना प्रारम्भ गर्ने विषय उल्लेख भएको सन्दर्भमा विद्यालयतहको **"विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"** को व्यवस्थापनलाई निरन्तरता दिन नितान्त जरूरी देखिएको छ । त्यसैगरी संघ, प्रदेश र स्थानियतहहरूको प्रयासमा विद्यार्थी सिकाईलाई निरन्तरता दिनका लागि विविध बैकल्पिक सिकाईका विधिहरू सञ्चालन गर्दै आएकाले सो सम्बन्धी भए गरेका क्रियाकलापहरूको समेत सूचनाहरूको सङ्कलन र व्यवस्थापन गर्न आवश्यक देखिएको छ । यी दुबै कार्यहरूका लागि आ-आफ्नो स्थानियतह र विद्यालयको सुरक्षित अवस्थालाई ध्यानमा राखी विद्यालयको सीमित जनशक्ति प्रयोग गरी सम्बन्धित सबै प्रकार र तहका विद्यालयहरूले आफ्नो विद्यालयको **Electronic School level IEMIS** मा सबै अभिलेखहरुको अध्यावधीकरण गर्न गराउन साथै **विद्यार्थी सिकाइ सहजीकरण कार्यक्रमहरूका बारेमा भए गरेका क्रियाकलापहरूको बारेमा Online सर्वेक्षण फाराम** भर्ने भराउने बारेमा तपसीलअनुसार गर्नु गराउनु हुन मिति२०७७/०६/०५ को निर्णय अनुसार अनुरोध छ ।

१. **विद्यालय तहको "विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचनाव्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"**को व्यवस्थापनलाई सबै प्रकार (पूर्व प्रा.वि.तथा वालविकास, सामुदायिक, संस्थागत, धार्मिक र अन्य) र तहका (पूर्व प्रा.वि.तथा वालविकास देखि कक्षा १२ सम्म सञ्चालन भएका) विद्यालयहरूले अनिवार्य रूपमा निरन्तरता दिने र शैक्षिक सत्र २०७७ को लागि आफ्नो विद्यालयको IEMIS File अध्यावधिक गर्ने गराउने ।

२. सबै स्थानियतह अन्तरगतका सबै प्रकार र तहका विद्यालयहरूले चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्नाको कार्यलाई पूर्णता दिई आ-आफ्नो विद्यालयको **"विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन को प्रणाली (Excel based ElectronicSchoollevelEMIS)" File** मा गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका सबै तथ्याङ्क एबम सूचनाहरूलाई Update (अध्यावधिक) गरी २०७७ को नयाँ विवरणहरू समेत् Add गरी मिति २०७७ आश्विन मसान्त सम्ममा अनिवार्यरूपमा **Web Portal: iemis.doe.gov.np मा Upload** गर्ने गराउने ।

३. सबै स्थानीय तहहरूले विद्यालयहरूको IEMIS File विद्यालय स्वयंलाई नै Upload गर्न लगाउने र User Account एवम Password को सुरक्षण गर्न निर्देशन दिने ।

४. नयाँ स्थापना भएका वा हालसम्म **"एकिकृत विद्यालय शैक्षिक सूचनाव्यवस्थापन प्रणाली (Excel based को Electronic based School level IEMIS)"** तयार नगरेका वा नबुझाएका विद्यालयहरूको हकमा स्थानीयतहहरुले त्यस्ता विद्यालयको नाम, साविकको गा.वि.स./न.पा., वडा नं., टोल साथै हालको स्थानीयतहको नाम, वडा नं., फोन नं.र प्र.अ.को नाम उल्लेख गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक सूचना व्यवस्थापन शाखाको Emali Address: doeremis@gmail.com मा पठाउने र **Excel based को Electronic based School level EMIS Files** प्राप्त गरी माथि बूँदा नं.१ देखि ३ अनुसार गराउने ।

५. कक्षा ११ र १२ को शैक्षिक सत्र फरक भएकाले यस्ता माध्यमिक विद्यालयहरूले IEMIS File दुई पटक अध्यावधिक गरी बुझाउनु पर्नेछ, जसमा कक्षा १२ का लागि २०७६ को कक्षा ११ का विद्यार्थी Update गरी अन्य कक्षाहरूसँगै व्यवस्थापन गर्ने र कक्षा ११ को नयाँ भर्ना सकिए पछि Add गर्ने र पुन: Upload गर्ने व्यवस्था मिलाउने ।

६. सबै विद्यालयको IEMIS Files Upload भइसके पछि सम्बन्धित नगरपालिका र गाउँ पालिकाले आफ्नो योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन, मूल्याङ्कन साथै अन्य महत्वपूर्ण कार्यहरूमा यसै तथ्याङ्कलाई प्रयोग गर्ने व्यवस्था मिलाउने ।

७. सम्बन्धित नगरपालिका र गाउँपालिका साथै शिक्षा विकास तथा समन्वय ईकाईले स्थानीयतह अन्तरगत Computer र Internet सुविधा नभएका विद्यालयहरूलाई उक्त सुविधा भएका विद्यालयसँग समन्वय गराई IEMIS सम्बन्धि कार्यहरूमा सहजीकरण र अनुगमन गर्ने साथै तथ्याङ्क/सूचनाको गोपनियता र सुरक्षाका लागि विद्यालयहरूलाई सकेसम्म Computer Institute जस्ता ठाउँमा IEMIS को कार्य नगराउन निर्देशन दिने ।

८. यस सम्वन्धी थप बुझ्न परेमा यस केन्द्रको फोन नं.०१६६३८७०४/९८४१४२५६०७/९८४१५१४०२९ मा फोन गर्न वा Email address: doeremis@gmail.com/janu2052@gmail.com मा Email गर्न सकिने छ ।

९. **विद्यार्थी सिकाइ सहजीकरण कार्यक्रमहरूको सर्वेक्षणसम्वन्धी** सूचना यस केन्द्रको **Web-site र iemis.doe.gov.np Portal** राखिएकोले उक्त सूचना प्राप्त गरी सोही अनुसार गर्नु गराउनु हुन समेत् अनुरोध छ ।

१०.

**पुनश्च:** हाल COVID-19 को प्रकोप र जोखिम रहेकाले माथिका कार्यहरू गर्दा गराउदा आवश्यक सुरक्षाका उपायहरू अनिवार्यरूपमा अपनाउन हुन समेत अनुरोध छ ।

**बोधार्थ**

श्री शिक्षा विकास निर्देशनालय (सबै) : समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।

शंकरबहादुर थापा

निर्देशक

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक सूचना व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुर

नेपाल सरकार

शिक्षा, विज्ञान तथाप्रविधिमन्त्रालय

# शिक्षातथामानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचनाव्यवस्थापनशाखा

सानोठिमी, भक्तपुर

प.सं.: २०७७/०७८

मिति : २०७७/०६/०५

च.नं.: ४०

**विषय: विद्यार्थी सिकाइ सहजीकरण सम्बन्धी शैक्षिक कार्यक्रमहरूको सर्वेक्षण फाराम भर्ने भराउने सम्बन्धी अत्यन्त जरूरी सचना ।**

श्री सबै तह र प्रकारका विद्यालयहरू,
श्री स्थानीयतह(सबै)
श्रीशिक्षाविकास तथा समन्वयइकाई (सबै)

नयाँ शैक्षिक सत्र २०७७ को सञ्चालनमा गत २०७६ माघ/फाल्गुण देखि COVID-19 को प्रकोप र जोखिमका कारण नेपाल सरकारको मिति २०७६/१२/०६ को निर्णय अनुसार भौतिकरूपमा उपस्थित भई सञ्चालन गर्ने सबै प्रकारका शैक्षिक गतीविधिहरू अर्को व्यवस्था नभए सम्मका लागि बन्द गर्ने निर्देशन पश्चात नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी **बैकल्पिक प्रणालीबाट विद्यार्थी सहजीकरण निर्देशिका -२०७७** को आधारमा संघ, प्रदेश र स्थानीय सरकारहरूको प्रयासमा विविध बैकल्पिक सिकाईका विधिहरू सञ्चालन गरी विद्यार्थी सिकाईलाइ निरन्तरता दिदै आएको छ । यसका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट **बैकल्पिक प्रणालीबाट विद्यार्थी सहजीकरण निर्देशिका -२०७७** लाइ विस्थापित गरी जारी भएको **"विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७"** को आधारमा २०७७ आश्विन १ गते देखि विद्यार्थी भर्ना प्रारम्भ गर्ने विषय उल्लेख भएको छ । यस सन्दर्भमा शैक्षिक सत्र २०७६ को अन्त्यसम्ममा अध्ययनरत र चालु शैक्षिक सत्र २०७७ वाट नयाँ विद्यार्थीको रूपमा अध्ययन गर्ने दुबै प्रकारका वालवालिकाहरूको सिकाई निरन्तरताको लागि विगतमा सञ्चालन हुँदै आएका विविध बैकल्पिक सिकाईका विधिहरूको कार्यान्वयन अन्तरगत भए गरेका क्रियाकलापहरूको तथ्याङ्क/सूचनासङ्कलन, व्यवस्थापन र विश्लेषण गरी आगामी दिनका लागि प्रभावकारी योजना बनाई विद्यार्थीहरूको सिकाइलाई थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ । यसका लागि तीनै तहका सरकार र अन्य स्थानियस्तरको अभ्यास एबम् प्रयासहरूलाई समेत समेट्ने गरी Online base मा आधारित **IEMIS Sub-modules on Student Learning Facilitation Through Distance Modes"Tool** को विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Website र IEMIS Portal मा Upload गरिएकाले सबै स्थानियतहरूले आ-आफ्नो स्थानीयतह अन्तरगतका सबै प्रकार र तहका विद्यालयहरूको विवरण मिति २०७७/०६/२५ गते भित्रमा निम्न अनुसार **Online** मा भर्ने भराउने व्यवस्था मिलाउनु हुन यस केन्द्रको मिति २०७७/०६/०५ को निर्णय अनुसार अनुरोध छ ।

१) सबै विद्यालयहरूले आ-आप्नो विद्यालयको **"विद्युतीय एकिकृत विद्यालय शैक्षिक सूचनाव्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"** लाई निरन्तरता दिई शैक्षिक सत्र २०७७ को लागिआफ्नो विद्यालयको IEMIS File अध्यावधिक गर्ने गराउने ।

२) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Website अथवा IEMIS Portal: **iemis.doe.gov.np** खोल्ने र तल दिएको लिंक (**Link**) मा Click गर्ने:

https://script.google.com/macros/s/AKfycbzFpPiKXCcdDFPiT1nh1mgV74fb7nVpwsK34-X1Rlorh6KW-gAc/exec?fbclid=IwAR2xo3HD4Y_xZUsG1tFgkUScRh3rx3O0bHgDw3WwOhmTeWGDliVZ75iotxY

३) सम्बन्धित विद्यालयको बिबरण भर्ने Online को **पहिलो पेज** खुल्छ त्यसमा **क्रमश: प्रदेश, जिल्ला, स्थानियतह** **आफ्नो विद्यालयको नाम छान्ने** । त्यस पछि आफ्नो विद्यालयको **EMIS Code Number (9 digits को)** सही रूपमा लेख्ने र Submit मा Click गर्ने यदी Code Number गलत भयो भने अगाडि बढ्न पाइदैन ।

४) **दोस्रो पेजमा** प्र.अ.को नाम र मोबाईल नम्बर लेख्ने र Submit मा Click गर्ने ।

५) **तेस्रो पेजमा "विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७"** को दफा ३ अनुसार तपाईको विद्यालयले कक्षागत रूपमा बर्गीकरण गरेको विद्यार्थीहरूको सङ्ख्याको आधारमा **"विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७"** को दफा ५ अनुसार निम्न **"विद्यार्थी सिकाइकार्यक्रम"** हरूमध्ये तपाईको विद्यालयले कक्षागत रूपमा कुनकुन कार्यक्रम सञ्चालन गरिरहेको छ सोको छनौट कक्षागत रूपमा गर्नुहोस्, **जसमा:**

क) **Modality 1 मा २ वटा Optionc हरू छन:** पहिलो Option मा Print Materials Provided by LG/School छ, यो भनेको स्थानीयतहले विद्यालय मार्फत विद्यार्थीहरूलाई पाठ्यपुस्तक उपलब्ध गराएर पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ । दोस्रो Option मा Print Materials Provided by I/NGOs छ, यो भनेको गैरसरकारी तथा अन्य विभिन्न संघसंस्थाहरूको सहयोगमा विद्यार्थीहरूलाई पाठ्यपुस्तक उपलब्ध गराएर पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ ।

ख) **Modality 2 मा २ वटा Option हरू छन:** पहिलो Option मा Broadcast by Radio Nepal छ, यो भनेको रेडियो नेपालबाट प्रसारण भएका शैक्षिक कार्यक्रमहरू मार्फत विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउ छ । दोस्रो Option मा Broadcast by Radio FM छ, यो भनेको स्थानीय एफ एम/रेडियो स्टेशनवाट प्रसारण हुने शैक्षिक कार्यक्रमवाट विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ ।

ग) **Modality 3 मा २ वटा Option हरू छन:** पहिलो Option मा Broadcast by NTV छ, यो भनेको नेपाल टि.भी.वाट प्रसारण भएका शैक्षिक कार्यक्रमहरू मार्फत विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ । दोस्रो Option मा Broadcast by other TV Channel छ, यो भनेको स्थानीय टि.भी. Channels वाट प्रसारण हुने शैक्षिक कार्यक्रमवाट विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ ।

घ) **Modality 4 मा १ Option मात्र छ:** जसमा Computer without Internet Connection भनिएको छ, यो भनेको Online base मा भएका सामग्रीहरू, जस्तो डिजिटल पाठ्यपुस्तक, स्वअध्ययन सामग्रीहरू र अन्य सन्दर्भ सामग्रीहरूलाई Download गरी कम्प्यूटर/ल्यापटपमा अध्ययन गर्नेगरी कार्यक्रमहरू मिलाई विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ ।

ङ) **Modality 5 मा २ वटा Option हरू छन:** पहिलो Option मा Learning Portal छ, यो भनेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Web-site मा learning.cehrd.edu.np Portal छ र उक्त Portal को प्रयोग गरी विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ । दोस्रो Option मा Youtube Video Lessons Channel छ, यो भनेको शिक्षा तथा मानव स्रोत विकास केन्द्र र अन्य निकाय वा संसथाहरूवाट कक्षागत विषयवस्तु संग सम्बन्धित विभिन्न सिकाई सामग्रीहरू राखिएका छन र तिनको प्रयोग गरी विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ ।

च) **Others मा ३ वटा Option हरू छन:** पहिलो Option मा Teacher in Small Group in Community/School छ, यो भनेको सम्बन्धित शिक्षकले समुदायमा रहेका वालवलिकाहरूलाई सानोसानो समूह बनाई पाठ्पुस्तक सँग तालमेल हुनेगरी उपयुक्त पाठ्य वस्तुहरूको छनौट गरी निश्चित समय वा घण्टाको हिसाबले विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ । दोस्रो Option मा Facilitation by Parents at Home छ, यो भनेको अभिभावकले आफ्ना वालवालिकालाई घरमै विभिन्न तरिकाले विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउ छ । तेस्रो Option मा Zoom Classes/Online Classes by Teachers छ, यो भनेको विद्यालयले Zoom सफ्टवेयर वा अन्य Online मार्फत शिक्षण सिकाइ गरी विद्यार्थीहरूको पठनपाठनमा सहजीकरण गरेको भन्ने जनाउछ ।

**पुनश्च:** हाल COVID-19 को प्रकोप र जोखिम रहेकाले माथिका कार्यहरू गर्दा गराउदा आवश्यक सुरक्षाका उपायहरू अनिवार्यरूपमा अपनाउन हुन समेत अनुरोध छ ।

**बोधार्थ**

श्री शिक्षा विकास निर्देशनालय (सबै) : समन्वयएवम् सहजीकरणका लागि अनुरोध छ ।

शंकरबहादुर थापा
(निर्देशक)
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक सूचना व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुर

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाई

प्यूठान

प.स.०७७।७८
च. न. : १५०

मिति २०७७।०६।०६

विषयः विवरण पठाउने सम्वन्धमा ।

श्री सबै स्थानीय तह
शिक्षा युवा तथा खेलकुद शाखा प्यूठान ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं.२१ मिति २०७७।०५।३० को प्राप्त पत्रानुसार यसै साथ तोकिएको ढाँचामा शिक्षक सेवा आयोगबाट हुने खुल्ला एवम् आन्तरिक प्रतिस्पर्धा (बढुवा ) को विज्ञापनको लागि २०७७ चैत्र मसान्त सम्म रिक्त हुने पदको विवरण माग भै आएकोले उक्त विवरण तोकिएको ढाँचामा मिति २०७७।०६।२० गते भित्र यस इकाइमा पठाउनुहुन अनुरोध छ । तोकिएको अबधि भित्र दरवन्दी विवरण प्राप्त नभएमा त्यस्ता स्थानीय तहको रिक्त पदलाइ पदपूर्ति प्रक्रियामा समावेश नगराइने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

शिव राज पन्थि
इकाइ प्रमुख

द्रष्टव्य -विवरण पठाउदा सफ्टकपी र हार्डकपी इकाइको इमेल ठेगानामा पठाउनुहुन ।

## १.रिक्त शिक्षक विवरण

| क्र.सं. | स्थानीय तह | २०७७ चैत्र मसान्तसम्म रिक्त हुने दरबन्दीको विवरण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक | | | निम्न माध्यमिक | | | | | | | माध्यमिक | | | | | | |
| | | | | | तृतीय | | | | | | | तृतीय | | | | | | |
| | | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | नेपाली | अंग्रेजी | गणित | विज्ञान | गणित/ विज्ञान | प्रथम | द्वितीय श्रेणी | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक |
| १ | ऐरावती गा.पा. | | | | | | | | | | | | | | | | | |
| २ | गौमुखी गा.पा. | | | | | | | | | | | | | | | | | |
| ३ | झिमरुक गा.पा. | | | | | | | | | | | | | | | | | |
| ४ | नौ बहिनी गा.पा. | | | | | | | | | | | | | | | | | |
| ५ | मल्लरानी गा.पा. | | | | | | | | | | | | | | | | | |
| ६ | माण्डवी गा.पा. | | | | | | | | | | | | | | | | | |
| ७ | सरुमारानी गा.पा. | | | | | | | | | | | | | | | | | |
| ८ | प्यूठान न.पा. | | | | | | | | | | | | | | | | | |
| ९ | स्वर्गद्वारी न.पा. | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

इकाई प्रमुख

## २.रिक्त शिक्षक विवरण

| | | २०७७ चैत्र मसान्त सम्म रिक्त हुने तथा सुद्द अस्थायी दरवन्दी विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक | निम्न माध्यमिक | | | | | | माध्यमिक | | | | | |
| क्र.सं. | स्थानीय तह | तृतीय श्रेणी | तृतीय श्रेणी | नेपाली | अंग्रेजी | गणित | विज्ञान | गणित/ विज्ञान | तृतीय श्रेणी | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक |
| १ | ऐरावती गा.पा. | | | | | | | | | | | | | |
| २ | गौमुखी गा.पा. | | | | | | | | | | | | | |
| ३ | झिमरुक गा.पा. | | | | | | | | | | | | | |
| ४ | नौ बहिनी गा.पा. | | | | | | | | | | | | | |
| ५ | मल्लरानी गा.पा. | | | | | | | | | | | | | |
| ६ | माण्डवी गा.पा. | | | | | | | | | | | | | |
| ७ | सरुमारानी गा.पा. | | | | | | | | | | | | | |
| ८ | प्यूठान न.पा. | | | | | | | | | | | | | |
| ९ | स्वर्गद्वारी न.पा. | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

इकाई प्रमुख

करारमा कार्यरत

## २.रिक्त शिक्षंक विवरण

| | | राहत शिक्षक विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राथमिक | निम्न माध्यमिक | | | | | | माध्यमिक | | | | | |
| क्र.सं. | स्थानीय तह | राहत | राहत | नेपाली | अंग्रेजी | गणित | विज्ञान | गणित/ विज्ञान | राहत | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक |
| १ | ऐरावती गा.पा. | | | | | | | | | | | | | |
| २ | गौमुखी गा.पा. | | | | | | | | | | | | | |
| ३ | झिमरुक गा.पा. | | | | | | | | | | | | | |
| ४ | नौ बहिनी गा.पा. | | | | | | | | | | | | | |
| ५ | मल्लरानी गा.पा. | | | | | | | | | | | | | |
| ६ | माण्डवी गा.पा. | | | | | | | | | | | | | |
| ७ | सरुमारानी गा.पा. | | | | | | | | | | | | | |
| ८ | प्यूठान न.पा. | | | | | | | | | | | | | |
| ९ | स्वर्गद्वारी न.पा. | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

इकाई प्रमुख